## १.१ भूमिका

स्नातकोत्तर शिक्षा लिन थालेदेखि नै मलाई समालोचनाहरू पढ्दा बढी आनन्द लाग्ने गर्थ्यो । समालोचनामा लेखकका भावना र विचारको तौल गरिएको हुन्छ जसले गर्दा पाठकहरू बढी लाभान्वित हुन्छन् । एम.ए. पास गरे पछि त म मा आफ्नै कुनै एक साहित्यविधामा खोजी निधि गर्ने रहर पलायो । कलेजमा अध्यापन कार्य गर्न थाले पछि त यसतर्फ लाग्ने पर्ने बाध्यता पनि भयो । हाम्रा गुरुहरू भन्नु हुन्थ्यो, "सिक्ने कुराको कहिल्यै पनि अन्त्य हुँदैन" यी कुराहरूले अहिले पो मलाई च्यास्स हुन्छ किनभने म पढ्ने क्रममा अँध्यारो यात्री नै रहे छु ।

यही चिन्ता र इच्छाले मलाई सताइ नै रह्यो कारण अनुसन्धान गर्ने काम त्यति सजिलो थिएन । पर्याप्त समयको अभाव, पुस्तक पत्र-पत्रिकाको अभाव, वास्तवमा भन्ने हो भने मार्ग निर्देशनको अभाव पनि थियो । यो कुरा मलाई थाहा थियो, कुनै काममा लाग्दा अभाव र दुःख त अवश्य हुन्छन् तर यी दुवैसित हातेमालो गर्न सक्नु पर्छ । यही हो धैर्य, यही हो साहस अनि यही हो सफलता ।

विषय चयन गर्ने क्रममा नेपाली साहित्यका महारथी बालकृष्ण सम र गोपाल प्रसाद रिमालले लेखेका नाटकहरू नै उपयुक्त लागे । कारण, दुवैले नाटकमा नारी समस्या उद्घाटन गरेको छ, म स्वयं नारी भएकाले त्यो विषय रुचिकर लाग्नु अनौठो पनि थिएन । दुवैका नाटकमा रहेका नारी पात्रको तुलनात्मक र व्यतिरेकी चरित्रको अध्ययन गर्नु परेकाले अध्ययनमै धेरै जसो समय लगाउनु पर्‍यो किनभने अहिलेसम्म सम र रिमालका नाटकका नारी पात्र गत समस्या लिएर विश्लेषणात्मक अध्ययन भएको थिएन । त्यसैले मूल नाटकहरूमा केन्द्रित हुनु मेरा निम्ति आवश्यक थियो ।

अध्ययन गर्ने क्रममा बालकृष्ण समले पौराणिक, ऐतिहासिक, स्वल्प मनोविश्लेषणात्मक र सामाजिक नाटकहरू लेखेर स्वधर्मानुसार सुविचार फैलाउने उद्देश्य राखेको पाइं । उनले इस्काइलस र शेक्सपियर मैं कुनै समाज जस्तो छ उही तस्वीर दर्शाउन चाहेको र नारीले अनिवार्य रूपले पतिव्रता हुनु पर्छ भन्ने धारणाको पुष्टि गरेको पाइयो । उनले यसरी मनेको छन् - "पातिव्रत्यको महिमा गाउन हामी नेपालीहरू उहिलेदेखि नथकाई आएका छौं ।" उनका नाटकमा नारी र पुरुष एक अर्कामा प्रेम गर्छन् तर यसो गर्नु उनका विचारमा कलियुगमा यसको पवित्रतामा कलंक लाग्नु हो । तर रिमाल भने स्वतन्त्र विचार भएका पाश्चात्य लेखक, इब्सेन, बर्नार्ड शा, मनोरे, टाल्सटाय, आदि जस्तै सारा धर्म बन्धन, राजबन्धन र समाज बन्धन यी तीनैबाट मुक्त भएर आफ्ना नाटकहरूद्वारा आफू र आफ्नो समाजलाई मुक्त गर्न खोज्छन् । उनका निम्ति पातिव्रत्य कदाचित पुतली मैं परमा खेलिने खेल हो । त्यसैले उनले आफ्ना नाटकका नारी पात्रलाई आफैलाई अबला सम्झने दासी मनोवृत्तिबाट मुक्त गराएर पतिसित आफ्नो मूल अधिकार खोज्नसक्ने सबला पो बनाए ।

सम र रिमाल दुवै नाटककारले पुरुष र नारी बीचको प्रेमलाई नै केन्द्र विन्दु बनाए तर समका नारी पात्रहरूले प्रेमको मूल्य खोज्ने प्रयास गर्दै गरेनन् । अनि पत्नीको अधिकारतर्फ पनि उनीहरूको चासो बढेको देखिंदैन । उनीहरूले गरेको प्रेम पति प्रेम मात्र हो तर रिमालले प्रेमका साथ साथै प्रेमको मूल्य खोज्ने अभियान चलाए अनि पत्नीको अधिकार खोज्ने प्रयास पनि देखाए । यसै कारण रिमाल बढी जनप्रिय भएका हुन् । समले शेक्सपियरको शैली र प्रवृत्तिको अनुकरण गरेर नाटक लेखेका हुन् अनि रिमालले इब्सेनको । यूरोपमा इब्सेन लोकप्रिय नाटककार बन्ने कारण के थियो भने उनले समाजको प्रतिबिम्ब उतार्दै समाजलाई

स्वाधीनताले विचार गर्ने छाप बसाए । उनले पनि मानिसहरूबाट गरिने नपाएका त होइननु, पाएका छनु । गौरीले भनेका छनु - " सांकेतिक बूढी कन्या छ्वोनले स्त्री जातिलाई अमेला सिर्जना गरे " एउटै समयका मानिसको पनि एउटै विचार हुन्छ भन्न सकिँदैन । वास्तवमा सबै जनसाधारणको रुचिमा, योग्यतामा र इच्छामा कुनै लेखकले साहित्य रचना गर्न सक्तैन, यो त व्यक्ति विशेष र जाति विशेषमा भर पर्ने कुरा हो । रिमालका नाटकमा पनि छ्वोनको छाप छ ।

म नारी भएकाले नारी समस्या खोज्न निकै रुचिलो ठानेकी थिएँ तर म स्वयं व्यवहारमा परिणत नभएकाले हो वा किन हो उक्त नाटककारहरूका नाटकका नारी पात्रहरूको व्यतिरेकीय मूल्यांकन गर्न कहिलेकाँहि अप्ठ्यारो पनि परेको थियो तर मलाई अथक परिश्रम गर्न र अध्ययनशील हुन मेरा आदरणीय निर्देशकज्यूका निर्देशन नै प्रशस्त थियो जसद्वारा मैले शोध प्रबन्ध तयार पार्न सफल भएँ।

## १.२ विषय चयन

मैले उत्तरबंग विश्वविद्यालयबाट आइ.ए.देखि एम.ए. सम्म पढ्ने सुअवसर पाएँ । अध्ययन गर्ने क्रममा नेपाली साहित्यका सम्पूर्ण विधामध्ये मलाई मन पर्ने नाटक थियो, नाटकमा पनि जहाँ नारी समस्या छ, नारीले दुःख पाएकी छ त्यस प्रसंगले निकै व्यथित पार्थ्यो । हुनत अरू विधामा प्रस्तुत नारी समस्याले नपिरोलेको त होइन तर पनि नाटकमा देखाएको अभिनयले मुटु नै पोल्थ्यो ।

नारी प्रकृतिकी स्वरूप हो, उक्त महाशक्ति दुर्गा हो, देवी हो । उक्त जगतकी प्रसविणी पनि हो । आमा बिना कुनै पनि बालकको जन्म, लालन-पालन

र व्यक्तित्वको विकास हुन सक्तैन, त्यसैले पत्नी बिनाको घर घर होइन । पत्नी बिना कुनै पनि कार्य सम्पन्न हुन सक्दैन । उसकै सल्लाह र सहयोगले मात्र पुरुषका कुनकुनै कार्यहरू सम्भव र सम्पन्न हुन सक्छन् ।

राष्ट्रिय अन्तरराष्ट्रिय परिप्रेक्ष्यमा नारीले नै निकै महत्वपूर्ण कार्यहरू गरेको पाइन्छ । भारतमा स्वर्गीय इन्दिरा गान्धी, बेलायतकी मार्गरेट थ्याचर, श्रीलंकाकी भण्डारा नायिके, पाकिस्तानकी बेनजीर भुट्टो आदिले देशको प्रधानमन्त्री पद सम्हाल्नु कम महत्वपूर्ण घटना होइन । वर्तमान समयमा पनि बंगलादेशमा र फ्रान्समा स्त्रीहरू नै प्रधानमन्त्री छन् । युद्धमा आफ्नो असीमित शक्ति देखाउने झाँसीकी रानी र नेपालका भक्ति थापाका बुहारीहरू प्रसिद्ध छन् ।

नेपालको वैदेशिक संबन्ध राख्न र बौद्ध धर्मको प्रचार र प्रसार गर्ने भृकुटीको कार्य त्यति नै ज्वलन्त प्रमाण छ । पुरुषका साथ शास्त्रार्थ गर्ने गार्गी र मैत्रेयी उदाहरणका रूपमा विद्यमान छन् । आदर्श माताका रूपमा देखा परेका गान्धारी, कुन्ती, चन्द्रप्रभा र बसन्तावतीको अवगुण निकाल्ने ठाउँ नै छैन । अन्तरिक्ष यात्री, पर्वतारोही, साहित्यकार र वेदका ऋचा रचयिता नारीहरू झन प्रतिभाशाली र बलवान् छन् ।

यस्ता प्रतिभाशाली नारीका सन्तानलाई कानूनले बाँध्न खोज्नु, परिधिभित्र राख्नु, दासीतुल्य व्यवहार गर्नु, सन्तान जन्माउने र हुर्काउने बढाउने साधन मात्र ठान्नु त्यति उपयुक्त हुँदिन । मलाई पनि यो कुरा ठीक लागेको छैन । त्यसैले मैले नारी समस्यामाथि केन्द्रित भएर बालकृष्ण समका नाटकका नारी पात्र र गोपाल प्रसाद रिमालका नाटकका नारी पात्रहरूको तुलना गर्ने विषय छानेको हुँ ।

यस शोध-प्रबन्धको शीर्षक चयन गर्न पँर अगाडि देखि मेरा श्रद्धेय गुरु श्री तुलसी बहादुर अपतक्ज्यूले पँर सहयोग पु-याउनु भएको थियो । उहाँले मलाई विषय चयन गर्न मात्र दुई महिना समय दिनु भएको थियो । उहाँका विचार अनुसार नारीले मात्र नारीको समस्या बुझ्नु सक्छ भनेर नै होला मैले तयारी गरेका पँर शीर्षकमध्ये "सम र रिमालका नारी पात्रको तुलना" ठीक ठानिदिनु भयो । मेरो पनि रहरको विषय यही थियो किनभने समाज र साहित्यमा शोषित वर्गका रूपमा देखा परेका नारीका समस्यामा आफू केन्द्रित हुनु थियो । त्यसैले मैले पनि यही विषय चयन गर्न सहमति देखाएँ । तर श्रद्धेय गुरुको अवकाश पछि एक वर्ष सम्म यस विषय पट्टि आफू केन्द्रित हुन सकिन । हरसमय सल्लाह र सहयोग दिने व्यक्ति टाढा हुँदा दुःख लाग्नु स्वभाविकै हो ।

तर भाग्यवश त्यही विश्वविद्यालयका तत्कालीन नेपाली विभागका अध्यक्ष श्री लक्ष्मीकान्त शर्माज्यूले मेरो सम र रिमालका नारी पात्रको मूल्यांकन गर्ने काममा जोश र हौसला थपि दिनु भयो । विषयको विश्लेषणात्मक अध्ययन गर्न आफ्नु अमूल्य समय पनि दिनु भयो, जसले गर्दा मैले यो काम पूर्ण गर्न सकेँ ।

## १.३ विषयको उपयुक्तता

कुनै वस्तु वा व्यक्तिहरूको तुलना गर्दा अथवा मूल्यांकन गर्दा अरू कसैले नगरेको हुन पर्छ । मैले बालकृष्ण सम र गोपाल प्रसाद रिमालका नाटकका नारी पात्रको तुलना कुनै लेखक वा अनुसन्धान गर्नेहरूले नगरेको नयाँ शीर्षक ठानेको छु ।

नेपाली समालोचकहरूले सम र रिमालका नाटकहरू माथि भने आ-आफ्नो राय प्रस्तुत गरिसकेका छन्, जसमध्ये हृदय चन्द्रसिंह प्रधानले "केही नेपाली नाटक"मा

बालकृष्ण समका नाटकको समीक्षा गरेका छन्, त्यसै क्रममा 'सम र समका कृति' मा उनी सुखान्त, दुःखान्त तथा मनोविश्लेषणवादी नाटकका बारेमा तथ्यपूर्ण तरीकाले विश्लेषण गरेको पाइन्छ । उनले 'मातृभक्तदेखि तेस्रो आयामसम्म' मा 'मुकुन्द इन्दिराको 'सम विशेषांक' मा 'तानसेनको झरी ' को पनि विवेचना गरेका छन् । केशव प्रसाद उपाध्यायले 'समको दुःखान्त नाट्यचेतना ' शीर्षक शोध-ग्रन्थमा 'मुटुको व्यथा', 'तानसेनको झरी', 'अन्धवेग', 'प्रेमपिण्ड', 'भीमसेनको अन्त्य', स्वास्नीमान्छे र 'रणादुल्लभ' नाटकको चर्चा गरेको पाइन्छ । उनले 'विचार र व्याख्या' मा 'म' नाटकको पनि चर्चा गरेका छन् । रत्नध्वज जोशीले 'नेपाली नाटकको इतिहास' मा 'तानसेनको झरी', 'मुटुको व्यथा', 'ध्रुव', 'मुकुन्द इन्दिरा', 'प्रल्हाद', 'अन्धवेग', 'भक्त भानु भक्त', 'म', 'प्रेमपिण्ड', 'अमरसिंह', 'अमित वासना', 'तल्माथि', 'भीमसेनको अन्त्य', 'स्वास्नी मान्छे', 'मोतीराम' र 'लक्ष्मीपूजा' नाटकको विवेचना गरेका छन् । बालकृष्ण पोखरेलले 'एक मन सात चिन्तनमा 'भक्त भानु भक्त' नाटकको समालोचना गरेको पाइन्छ । विजय बहादुर मल्लले 'सात एकांकी' मा 'रणादुल्लभ' र 'बुहार्तन' एकांकीको विश्लेषण गरेका छन् । कमलमणि दीक्षितले 'मन्ने कुरा' मा 'प्रेमपिण्ड' र 'तानसेनको झरी' को पटराज भट्टराईले 'नाटक परंपरा' शीर्षकमा 'प्रल्हाद' नाटकको, अच्युत मल्लारले 'नाटककार समको भक्त भानु भक्त' शीर्षकमा 'भानुभक्त' नाटकको, भूपनिधि पन्तले 'अमर सिंह' नाटकको, हीरामणि शर्मा पौड्यालले 'समालोचनाको बाटोमा' मा 'म' नाटकको, वासुदेव त्रिपाठीले 'विचरण' मा 'मुटुको व्यथा', 'प्रल्हाद', 'अमरसिंह', 'अन्धवेग' र 'प्रेमपिण्ड' नाटकको, घनश्याम कँडेलले 'केही अन्वेषण र विश्लेषणमा समका केही नाटकको, नरेन्द्र चापागाईले 'केही कृति: केही स्मृति' मा 'अन्धवेग' नाटकको समीक्षा गरेको पाइन्छ । यसका अतिरिक्त मोहन हिमांशु

थापाले 'समका दु:खान्त नाट्य शिल्प' शीर्षकमा विधावारिधी गरेका छन्, कुमार प्रसाद कोइरालाले 'समका दु:खान्त नाटक' मा उक्त उपाधि लिएका छन् । अनि प्रेमा शाहको 'नाटककार बालकृष्ण सम' प्रबन्धमा समका नाटकको विवेचना पाइन्छ ।

यसै गरी गोपाल प्रसाद रिमालका नाटकहरूको चर्चा परिचर्चा गरेको पाइन्छ :- जस्तै वासुदेव त्रिपाठीले 'विवरण' मा विश्लेषण गरेर रिमालका नाटकको राम्ररी परिचय दिएका छन् । नरेन्द्र चापागाईले 'केही कृति: केही स्मृति' मा 'यो प्रेम' को, विश्लेषण गरेका छन् । तारा शर्माले 'गोपाल प्रसादका नाटकहरू' शीर्षकमा 'यो प्रेम' र 'मसान' को, रत्नध्वज जोशीले 'केही नेपाली नाटक' मा 'यो प्रेम', 'मसान' र 'माया' को, डी.पी.अधिकारीले 'नेपाली साहित्य र आलोचना' मा 'मसान' को, कृष्ण प्रसाद पराजुलीले 'चन्द्र तारा र नेपाली साहित्य' मा 'यो प्रेम' र 'मसान' को, घटराज भट्टराईले 'प्रतिभि प्रतिभा र नेपाली साहित्य' मा 'यो प्रेम' र 'मसान' को, विजय बहादुर मल्लले 'नाटक एकचर्चा' मा 'मसान' को, घनश्याम कँडेलले 'केही अन्वेषण र केही विश्लेषण' मा 'मसान', 'यो प्रेम' र 'माया' को, शैल कोइराला बन्धुले संपादन गरेको 'रिमाल एक व्यक्ति अनेक दृष्टि' मा मोहन हिमांशुद्वारा 'मसान' र 'यो प्रेम' को, यसैमा योगेन्द्र तिम्मल्सिनाले 'माया' को अच्युत मल्ल ताराले 'मसान' र केशव प्रसाद उपाध्यायले 'मसान' नाटकको आ-आफ्ना विवेक अनुसार विश्लेषण गरेका छन् । केशव प्रसाद उपाध्यायले नै 'रिमाल व्यक्ति र कृति' लेखेर रिमालका नाटकको समालोचना गर्ने क्षेत्र झन् फराकिलो पारेका छन् ।

यसरी सम र रिमालका नाटकहरूको विश्लेषण भए पनि छुट्टै रूपमा दुवै नाटककारका नाटकमा उल्लेखित नारीको समस्या लिएर तुलना गर्ने कार्यतर्फ कसैको पाइलो बढेको देखिएन । यो नयाँ कुरो थियो । नेपाली भाषाको विकासको शुरुदेखि बालकृष्ण समका समयसम्म नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने नेपाली साहित्यकारहरूले नारी पात्रको उल्लेख गरेका छन्, नारीलाई पतिव्रता धर्मको सीमा रेखाभित्र राखेर पुरुषलाई निरंकुश व्यक्तिका रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । मोतीराम भट्टले नारीलाई सुन्दरताको प्रतीकको रूपमा चित्रण गरे । नारीको अस्तित्व, उसको व्यक्तित्व-प्रति उनको कलम चलेको देखिँदैन । भानुभक्तको पनि नारीको पति भन्दा ठूलो अरू कोही हुन सक्तैन भन्ने भावना देखिन्छ । "वधूशिक्षा" मा उनी यसो भन्छन् -

"भन्छन् पति ईश्वरै भनि बुझ्नु पाउ ढोग्नु पर्छ
पूजा हो पतिको भनेर घरका काममा अगाडि सर्नु
जो इच्छा पतिको छ सो बुझि उसै माफिक् सबै काम गर्नु
जुन स्थान हो पिउको उहीं लगि उन पिनु राख्न्या स्वभाव यो गर्नु ।।
भन्छन् शास्त्र पति र सासु ससुरा जेठाजु मान्नु भनी
भन्छन् तापनि जो पति छ उसरी हुँदैन कोही पनि
स्त्रीको धर्म पति मती पनि पति भन्या जगत्‌को गति
बाँचुन्जेल सुखभोग पनि बुझि लिंदा को दिन्छ त्यसले गति ।।"

नाटककार पहलमान सिंह स्वाँरले "विष्णुमाया" र "विमलादेवी" मा नारीले पतिव्रता भएमा मात्र उसको भलाइ हुन्छ भन्ने कुराको उल्लेख गरेका छन् । बालकृष्ण समका नाटकका नारी पात्रहरू त भन्नु पतिलाई हिमालय भन्दा ठूला ठान्छन् अनि ईश्वर । "मुकुन्द इन्दिरा" नाटककी इन्दिरा

आफ्नो पति पापी भए पनि पति भक्ति गर्नै कुरा गर्दै भन्छे -

"देशभक्ति त गर्दैन कुल्ये देश भए पनि
पति भक्ति त गर्दैन पापी पति भए पनि ।"

अर्को ठाउँमा उनी फेरि पतिको महानता बताउँछे -

"पति बनु देवता हाम्रा ठूला ब्रम्हा महेश्वर
रामकृष्णाहरू भन्दा पनि ।।"

उनी आफूलाई अति नै हीन र पतिलाई कता हो कता ठूला ठान्छे -

"लोग्ने नायिका हामी पुतली हौं, नचाउँछन्
जस्तो नै मनमा लाग्छ हामीलाई उसै गरी,
कैले सिंगारिदिन्छन् ती सिंतारा तारले सजी,
कैले नङ्गा गरी फ्याँकछन् ती कसिङ्गरमा पनि ।।"

"म" की इन्द्रवीरकी आमा पनि पतिव्रता धर्मको व्याख्या गर्दै भन्छे -
"स्वास्नीमान्छेको कर्म नै पति सेवा, जसरी हुन्छ, जे गरेर हुन्छ,उनलाई प्रशन्न पार्नु पर्छ, पति प्रसन्न भए भने त तैंतीसकोटि देवता प्रसन्न राख्नु होलान् । उनले जे गरे पनि, जति दुःख दिए पनि आफ्नै कर्मको भोग सम्भेर सहनु पर्छ ।" "

"ध्रुव" नाटककी सुनीति पनि पति बसेको स्थानलाई स्वर्ग ठान्दै भन्छे -
"पतिको लोक हो स्वर्ग, त्यहाँ स्वर्ग जहाँ पति ।

"मुटुको व्यथा" की कपिलाले समेत आफूलाई पतिकी दासी भएका कुरा सिद्ध गर्दै भन्छे -

"मेरो शक्तले मारे पनि केही म मान्दिन
एउटा पदको लागि पुकारे मात्र होइन
उनको जेसुकै इच्छाको कमारी हुं निभृता ।"

स्वेच्छाचारी हुन लागेकी 'अन्धवेग' नाटककी पंचगालाई सुमार्गमा ल्याउन जयवीरद्वारा सम यसो भन्छन् -

"जति छन् विधवा देवी तिनका पाउमा परी
आफ्नो यो पापको प्रायश्चित गर्नेछु जहाँ जहाँ
पतिव्रता हिंडेका छन् तिनका पाइले पिछे
ढोगेर हिंड्नुहोस् जानीस् ।"

यी लगायत प्राय: जसो सबै लेखकले नारी जातिलाई मात्र धर्म बालकका रूपमा प्रस्तुत गरेका छन् । चक समले नै 'चिसो चुल्हो' महाकाव्यमा मध्यम कुलकी स्त्रीले निम्न स्तरका दमाईसित पनि प्रेम गर्न सक्छे भन्ने कुरा देखाउने प्रयत्नसम्म गरे तर प्रत्यक्ष रूपमा समाजका अगाडि उभ्याउन सकेका छैनन् । 'कैकेई' कथामा नारी पुरुषको सहयोगी र सल्लाहकार हो भन्ने कुरा चाहिं प्रष्ट रूपले देखाउन समर्थ भएका छन् । उनका आदर्शवादले ओतप्रोत भएका नाटकहरूमा कति कति स्त्री जातिको पनि शिक्षा ग्रहण गर्ने क्षमता छ, यस कुराबाट वञ्चित गराउने पुरुष नै हुन् भन्ने साहस सम्म गरेका छन् तर जोडदार आवाज भने पाइँदैन ।

यसका अतिरिक्त तत्कालीन देशको आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक अवस्थामा पनि रत्तिभर सुधार नआएकाले पनि नारीजातिको दयनीय स्थिति देखिनु अनौठो होइन ।

तर गोपाल प्रसाद रिमालका नाटकमा भने नारी चेतना हो, भावना हो, र मानिस हो भन्ने कुराको उल्लेख भएको पाइन्छ । पुरुषले एउटी पत्नी हुँदा हुँदै अर्की पत्नी ल्याएर पत्नीलाई उपेक्षा गरेमा नारी मातृत्वको कदर नभएमा स्त्रीले सहन सक्दिन भन्ने अभिव्यक्तिहरू पनि पाइन्छन् ।

यसरी दुई लेखकका नाटकका नारीहरूको बन्धन र मोक्षले मलाई यिनीहरूका बारेमा खोजिनिति गर्ने उत्सुकता थपेको छ ।

## १.४ विषयको सीमा र विस्तार

मैले यो शोध-प्रबन्ध तयारी गर्ने सामाग्रीका रूपमा बालकृष्ण समका नाटकका नारी पात्र र रिमालका नाटकका नारी पात्र लानेको छु । सम र रिमाल दुवै पश्चिमी प्रभावबाट अछुता छैनन्, दुवैमा नारी समस्या उद्घाटन गर्ने प्रवृत्ति देखा पर्छ । यस्तो गर्नका निम्ति दुवैले नाटक विधा नै रोजेका छन् । समले वि.सं. १९८६ देखि बाचुन्जेलसम्म नाटक लेखिरहे, उनका नाटक पनि धेरै संख्यामा छन् । तर रिमालले चारवटा नाटक मात्र लेखे । पुनः कलम चलाइरनन् । सम समाज र प्रशासनका अगाडि समता राख्ने लेखक भए, त्यसैले उनका रचनामा नारीको चर्को विद्रोही स्वर पाइँदैन । लेखेका छन् पन्टुयाफ पुग्टुक नारीका थमिला चाहना र भावनाहरू तर ती भावना र चाहनाले विकसित रूप लिन सकेको छैन । उनका नाटकका नारी पात्र धार्मिक बोझले पीडित छन्, पछौटे छन् अनि व्यवहारवादी पनि छैनन् । समका आदर्शवादी नारी पात्रका तुलनामा रिमालका नारी पात्र कता हो कता शक्तिशाली छन्, महत्वाकांक्षी छन् र जिउँदा छन् । उनीहरूका जीशिला र स्वतन्त्रताका स्वरले समाजका शोषित नारीहरूमा प्रेरणा पुग्ने सम्भावना देखा पर्छ । हुन पनि

रिमाल नारीलाई दासीका रूपमा होइन, भोग्याको रूपमा होइन, असीमित शक्ति भएकी महिमामयी व्यक्तित्व र शक्ति स्वरूपा नारीको कल्पना गर्छन् । यी दुवै नाटककारमा आकाश र पातालको फरक छ अनि उनीहरूका नारी पात्रमा समानता भन्दा भिन्नता नै बढी मात्रामा देखा पर्छ । यिनै भिन्नतालाई देखाउन वा मूल्याङ्कन गर्नका निम्ति मैले समका पाँच नाटक मध्ये 'मुटुको व्यथा', 'मुकुन्द इन्दिरा', 'ध्रुव', 'अन्धवेग' र 'म' लाई अनि रिमालका चारवटा नाटकहरू मध्ये 'मसान' 'यो प्रेम' र 'माया' नाटकलाई नै आफ्नो अध्ययनको विषय क्षेत्र बनाएको छु । यसैले गर्दा शोध-प्रबन्धको शीर्षक पनि बालकृष्ण सम र गोपाल प्रसाद रिमालका नारी पात्रको तुलना राखेको छु ।

यसरी विषयको सीमा र विस्तार निर्धारण गर्ने क्रममा भूमिका र विषय सूची समावेश गरेर पहिलो अध्यायदेखि विषयको विस्तृत विवेचना शुरू भएको छ ।

पहिलो अध्यायमा 'नेपाली साहित्यमा नाटकको उत्पत्ति र विकास' शीर्षकमा नाटकको परिचय दिने कार्य र नाटकको उत्पत्तिको कारण खोजिएको छ अनि नेपाली साहित्यमा नाटकको उत्पत्ति र विकास कसरी भयो ? कुन कुन नाटककारले कस्ता नाटक लेखे ? कुन कुन विषयवस्तु र वादको प्रयोग गरे ? अनूदित नाटकहरू र मौलिक नाटकहरू जन समाजमा कुन चाहिँ प्रिय भए ? प्रिय हुने कारण के के थिए ? इत्यादि कुराको जानकारी दिन आवश्यक ठानिएको छ । 'नाटकका अन्यान्य तत्वहरूका सापेक्षतामा पात्र एवं चरित्र चित्रण' शीर्षक अन्तरगत नाटकीय तत्वका विविध विचार प्रस्तुत गरी नाटकीय कथावस्तु, शैली - वार्तालाप, देशकाल - वातावरण र उद्देश्यका

सापेक्षतामा पात्र एवं चरित्र चित्रण सोदाहरण प्रस्तुत गर्ने काम भएको छ। यसका अतिरिक्त बालकृष्ण सम पूर्वका नेपाली नाटककारहरूले लेखेका नाटकहरूमा प्रस्तुत गरिएको नारी समाजको रूपरेखाको विवरण दिइएको छ अनि लेखकहरूले नारीलाई कुन प्रकारले हेरे ? नारी सम्माननीया थिई कि उपेक्षिता थिई ? आदि कुराको लेखा जोखा गरिएको छ।

यसरी खोजी-निधि गर्ने क्रममा त्यस समयका नाटकमा चित्रित नारीको धार्मिक, सामाजिक, भावना र चेतनाका दृष्टिकोणले कस्तो स्थिति थियो ? अनि नाटकमा नारीलाई पात्रको रूपमा प्रस्तुत गर्दा उनीहरूको स्थिति कसरी प्रष्ट्याइएको छ ? आदि कुराको पनि विवेचना भएको छ।

दोस्रो अध्यायमा "प्राचीन परम्पराको व्यवहारिक अनुकरण, शीर्षक अन्तरगत हाम्रो प्राचीन परम्पराको परिचय दिने काम भएको छ। यसका साथै प्राचीन परम्पराका आधारमा लेखिएको साहित्य र आधुनिक साहित्यमा के कति भिन्नता छ ? भन्ने कुराको पनि खोजबिन गरिएको छ। यस बाहेक नाटककारहरूले प्राचीन परम्परालाई कसरी व्यवहारिक दृष्टिले हेरे ? यसप्रति पनि छोटो जानकारी गराइएको छ। "नेपाली सभ्यता र संस्कृतिमा नारीको स्थान" शीर्षकमा संस्कृतिको परिचय, सभ्यता र संस्कृतिको संबन्ध, नेपाली सभ्यता र संस्कृतिमा नारीले आमाको रूपमा, पत्नीको रूपमा र कन्याको रूपमा पाएको प्रतिष्ठाको विवरण दिइएको छ। यही क्रममा नेपाली सभ्यता र संस्कृतिमा हुर्केको नारी समाज कसरी दुर्बल हुँदै गयो ? त्यसका कारण के के थिए ? केही नारीहरूले कसरी आफ्नो प्रतिभा देखाउने अवसर पाए ? आदि कुराहरूलाई नै प्रमुखता दिइएको छ। त्यसै "समसामयिक सामाजिक सन्दर्भ र नाटकीय पात्रहरू" शीर्षकमा नेपालमा नाटक लेख्न शुरु गर्दाको नाट्य

परिवेश कस्तो थियो ? राजनैतिक स्थिति र शैक्षिक स्थितिले लेखकलाई के कस्तो प्रभाव पर्‍यो ?, तत्कालीन लेखकहरूको नारीप्रति कस्तो धारणा थियो ? यी कुराहरूको पनि विवरण प्रस्तुत गरी समसामयिक सामाजिक सन्दर्भमा नाटकका नारी पात्रहरूको अध्ययन पनि गरिएको छ ।

तेस्रो अध्यायमा बालकृष्ण समका प्रमुख नाटकहरू 'मुटुको व्यथा', 'मुकुन्द इन्दिरा', 'ध्रुव', 'अन्धवेग' र 'म' को संक्षिप्त जानकारी दिने काम भएको छ साथै यी विवेच्य नाटकहरूका नारी पात्रहरूको कस्तो स्थिति छ, उनीहरूले नाटकमा कस्तो स्थान निर्धारण गरे ? कसरी अभिनय गरे ? अनि नाटककारले नारीलाई परम्परा र समसामयिक सन्दर्भमा कस्तो दृष्टि राखेका छन् ? यी कुरालाई पनि विवेचना गरिएको छ साथै लेखकको नारी प्रतिको धारणालाई सूक्ष्माति सूक्ष्म रूपले हेर्ने काम भएको छ ।

चौथो अध्यायमा गोपाल प्रसाद रिमालका नाटकहरू 'मसान', 'यो प्रेम' र 'माया' को संक्षिप्त रूपमा परिचय दिने काम गरिएको छ अनि रिमाललाई सामाजिक नाटककारको रूपमा चिनाउन उनका नाटकहरूमा वर्णित बालविवाहप्रति व्यङ्ग्य, वैधव्य समस्या, समस्याको रूपमा नारी मातृत्व र उनले प्रतिपालन गरेको नेपाली संस्कृतिको दिग्दर्शन गराइएको छ । उनका नाटकमा प्रमुख पात्र, गौण पात्र, आदर्शपत्नी, प्रेमिका, माता, बुहारी र उपेक्षिता पत्नीको रूपमा अभिनय गरेको पनि विस्तृत रूपमा विवेचना गरिएको छ अनि ती नारीले उद्गार व्यक्त गरेका स्वतन्त्रताका स्वरहरूको मूल्यांकन गरिएको छ । यसका अतिरिक्त रिमालका नारी पात्रहरूमा के कति सामाजिकता छ ? यसको पनि विवेचना गरिएको छ ।

पाँचौं अध्यायमा "नेपाली सभ्यता र संस्कृतिक परम्परामा नारीप्रतिको धारणा" शीर्षकमा लेखकहरूले नारीलाई सिद्धान्त र व्यवहारमा कै कसरी हेरेका छन् ? यसको विस्तृत अध्ययन गरिएको छ । अनि सम र रिमालका नाटकमा "नारी पात्रको प्रकार र स्वरूप" शीर्षकमा निम्न वर्गीय र मध्य वर्गी नारी, जिद्दी स्वभावका, स्वावलम्बी र परावलम्बी, आदर्शवादी र यथार्थवादी अनि स्वच्छन्द रूपका नारी पात्रको चर्चा गरिएको छ । यस अतिरिक्त मातृत्वयुक्त र मातृत्व विहीन नारीको विवेचना गर्दै मानसिक द्वन्द्व युक्त र विमुक्त नारीहरूको उल्लेख गर्दै ईश्वरवादी र अनीश्वरवादी नारीहरूको चित्रण प्रस्तुत गरिएको छ । सम र रिमालका नारी पात्रगत समानता शीर्षक अन्तरगत दुवै नाटककारका नारी पात्रमा देखा परेको नारी सुलभ मातृत्वको विस्तृत चर्चा गर्दै विभिन्न समस्याले ग्रस्त भएका कारण समेत देखाउन प्रयास गरिएको छ । "सम र रिमालका नारी पात्रगत भिन्नता" शीर्षकमा - व्यक्तिगत र सामाजिक शोषणप्रतिको विद्रोहमा मूक विद्रोह र अभिव्यक्त विद्रोह गर्ने नारीहरूको उल्लेख गर्दै दुवै नाटककारका नारी पात्रको तुलनात्मक मूल्यांकन समेत गरिएको छ । अनि पहिलो, दोस्रो, तेस्रो, चौथो, र पाँचौं अध्यायका अन्त्यमा निष्कर्ष दिने काम गरिएको छ ।

छैटौं अध्यायलाई विषयवस्तुको उपसंहारको रूपमा राखेर शोध कार्यमा प्रयोग गरिएका पुस्तक र पत्रिका आदिको सूची दिइएको छ ।

## १.४ धन्यवाद र कृतज्ञता ज्ञापन

आफ्नो यो शोधकार्य पूरा गर्दा निम्ति विभिन्न महानुभावहरूबाट सहायता मिलेको छ । सहायता गर्नेहरू मध्येमा पहिलो स्थान आफ्ना गुरु तथा निर्देशक परम आदरणीय उत्तरबंग विश्वविद्यालयका प्रोफेसर श्री लक्ष्मीकान्त शर्माज्यूको छ । म उहाँको सधैं ऋणी रहने छु । उहाँको कुशल निर्देशन औ सहयोग विना म कुनै काम पनि गर्न सक्ने थिइन । अतः सर्वप्रथम म आफ्ना परम आदरणीय गुरुदेवमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो यस शोधकार्यमा हर समय फस्र्याइ रहने फुलबारी माध्यमिक विद्यालयका स. प्रधानअध्यापक, मेरा गुरु श्री मोहन कुमार लहकामा श्रद्धा चढाउछु । हर्दम् शैक्षिक योग्यता बढाइ रहन सल्लाह दिने र शैक्षिक सामाग्री जुटाइ दिने मेरा दाज्यु हरि प्रसाद नेपाल र भाइ रोम र सरोज नेपाललाई समेत धन्यवाद दिन चाहन्छु ।

मलाई त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. वासुदेव त्रिपाठीको प्रेरणा र सहयोग, प्रोफेसर कुलमणि देवकोटाको शुभेच्छा, प्रो. मोहन प्रसाद यादवको ढिला-सुस्ती हटाउने प्रेरणा, प्रो. मेदिनी प्रसाद नेपालको करुणा, प्रो. भीमचरण थापाको सहयोग, सुशील सैन्थैलियाको आर्थिक सहायता र राजकुमार श्रीवास्तवको उच्चविचार पनि कम छैनन् ।

सेन्ट्रल पुस्तकालय काठमाडौं, कैशरमहल पुस्तकालय काठमाडौं, अमेरिकन पुस्तकालय काठमाडौं, मदन पुस्तकालय पाटनढोका पाटन, ठाकुरराम बहुमुखी क्याम्पसको क्षेत्रीय पुस्तकालय वीरगंज र उत्तर बंग विश्वविद्यालय राजा राम मोहनपुरको पुस्तकालयले मलाई अध्ययन गर्ने

सुविधा दियो । अत: मेरा तर्फबाट यी सबै महानुभावलाई हार्दिक धन्यवाद साथै यी पुस्तकालयका व्यवस्थापकहरू र भारतीय राजदूतावासमा शिक्षा विभागका प्रमुखलाई समेत धन्यवाद नदिइ रहन सक्तिन ।

यस शोध-प्रबन्धलाई टंकन गरी सुन्दर रूप दिने एस.एस. सेक्रेटरियल सर्भिस, कीर्तिपुर, काठमाडौंका श्री सानुभाई महर्जनलाई हृदयदेखि मुरी मुरी धन्यवाद ।

यस तुलनात्मक अध्ययनले नेपाली साहित्यको अध्ययन क्रममा केही मात्रामा भए पनि थप (सहयोग) योगदान पुऱ्याउने छ भन्ने आशा राख्नु निरर्थक नहोला । इत्यलम् ।